# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, साउन २६ गते, २०८२ साल (अतिरिक्ताङ्क २२(क)

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

नेपालमा सुरुङ्गमार्ग, द्रुतमार्ग, फ्लाईओभर जस्ता नवीनतम प्रविधिका पूर्वाधारको निर्माण हुँदै गएको सन्दर्भमा त्यस्ता पूर्वाधारको नियमित सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारको कार्य विद्यमान संयन्त्रबाट सम्भव नहुने र सोसम्बन्धी अनुभव हासिल गरेका सेवा प्रदायकबाट सेवा खरिद गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको तर सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा त्यस्तो सेवा खरिदसम्बन्धी स्पष्ट व्यवस्था नभई त्यस्ता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वाधारको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारलगायतको सेवा खरिद गर्न बाधा अड्काउ परेको हुँदा जटिल प्राविधिक क्षमता आवश्यक पर्ने पूर्वाधारहरूको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको लागि सेवा प्रदायकबाट सार्वजनिक सेवा खरिद गर्ने विधिलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिमको खरिद विधिभित्र समावेश भएको मानी सार्वजनिक निकायले त्यस्ता सेवा खरिद गर्न सक्ने गरी सो ऐनको दफा ७४ख. बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउने आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**फणीन्द्र गौतम**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।